म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३७ सोमबार, ३० चैत २०८२ ने. सं. ११४६ चौलागा 13 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भिरबाट कार खस्दा सुरजको मृत्यु

हेटौंडा, २९ चैत/काठमाडौँको दक्षिणकालीमा निजी कार भिरबाट खसेर दुर्घटना भएको छ । हेटौंडाबाट काठमाडौं जाँदै गरेको बिएबी ५२८१ नम्बरको कार आइतबार दुर्घटना हुँदा एकजनाको मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी नरेश सुवेदीले बताएका छन् ।

मृत्यु हुनेमा काठमाडौं महानगरपालिका-७ का ३४ वर्षीय सुरज खड्का छन् । दक्षिणकाली नगरपालिका-८ स्थित रानिभिरमा कार सडकबाट करिब ७ सय मिटर तल खसेको छ । प्रहरी र सशस्त्रको टोलीले शव र कार निकाल्ने प्रयास गरिरहेको छ । घटनाबारे प्रहरी प्रभाग फर्पिङले अनुसन्धान सुरु गरेको छ ।

### बागमतीमा प्रशासनिक पुनर्संरचनापछि मात्रै नयाँ बजेट

# १५ दिनभित्र सुझाव पठाउन पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ बागमती प्रदेश सरकारले प्रादेशिक प्रशासनिक पुनर्संरचनाको लागि सघन छलफलसहित आन्तरिक गृहकार्य गरिरहेको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारीमा जुटेको सरकारले पहिला प्रशासनिक पुनर्संरचना गर्ने तयारी गरेको छ । सरकारको नेतृत्व गरि रहेको नेपाली कांग्रेसले बिहीबार साँझ सत्तासाझेदार नेकपा एमालेसँग पुनर्सरचनाको लागि छलफल गरेको थियो । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बाहेक सातवटा मन्त्रालय कायम गर्ने, मन्त्रालय मातहतका ७ वटा निर्देशनालयलाई २ वटामा सीमित गर्दै ५ वटा निर्देशनालय खारेज गर्ने, कर्मचारी दरबन्दीमा ७०१ जनाको दरबन्दी कटौती गर्ने तयारी गरेका छन् ।

कृषि विकास निर्देशनालय र स्वास्थ्य निर्देशनालय कायम गर्ने तयारी सरकारको छ । सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले एमाले र कांग्रेसबीच मन्त्रालय संख्या लगायतका अन्य प्रशासनिक संरचनाको हेरफेरबारे बिहीबारको छलफलमा सहमति भएको जानकारी दिए । नेपाली कांग्रेसले १७ चैतमा संसदीय दलको बैठक बसेर मन्त्रालय र मातहतका निकाय खारेज गर्ने लगायतको निर्णय गरेको थियो । मन्त्री तामाङकाअनुसार पुनर्संरचना पश्चात् मात्रै बजेट सिलिङ तोकिनेछ । 'पुनर्संरचनापछि मात्रै बजेट सिलिङ पठाउने हो, त्यसैले अलिढिला हुनसक्छ, छिटो गर्नुपर्छ भनिरहेको छु,' उनले भने 'बजेटपछि मात्रै पुनर्संरचना गरियो भने सरकारको उद्देश्यअनुसारको अनावश्यक खर्चमा नियन्त्रण गर्न सकिँदैन ।'



पूर्वसचिवहरुको प्रदेश प्रशासनिक पुनर्संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मुख्यमन्त्री कार्यालयसहित ८ वटा मन्त्रालयमात्रै आवश्यक रहेको औंल्याउँदै सरकारलाई गत २७ फागुनमा सुझावसहितको प्रतिवेदन बुझाएको थियो । सरकारका पूर्वसचिव विमल वाग्ले संयोजक, रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल, जीवनप्रभा लामा सदस्य र प्रदेशसचिव पूर्णबहादुर दर्जी सदस्यसचिव रहेको विज्ञटोलीले प्रदेश सरकारलाई निर्देशनालय, बोर्डलगायतका संरचना आवश्यक नरहेको र ७०१ कर्मचारी दरबन्दी कटौती गर्न प्रस्ताव गरेको थियो । 'प्रदेश सरकारले प्रत्येक दरवन्दी सिर्जना गर्दा दीर्घकालीन दायित्व व्यहोर्नुपर्ने हुन्छ । सामान्यतः एउटा कर्मचारीले २५ वर्षको उमेरमा सेवाप्रवेश गरी ६० वर्षसम्म सेवारत रहेमा निजको औसत सेवाअवधि ३५ वर्ष मान्दा तहअनुसारको प्रत्येक दरबन्दी सिर्जनाबाट प्रदेश सरकारलाई यो अवधिमा ठूलो दायित्व पर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'तसर्थ थप दरबन्दी सिर्जना गर्नुपर्दा यसका विविध पक्षलाई समेत विचार गरी न्यूनतम दरबन्दी संख्यामा सीमित रहनु उपयुक्त हुन्छ ।'

तहअनुसार प्रत्येक दरबन्दी सिर्जनाबाट ३५ वर्ष सेवाअवधिमा उत्पन्न हुने वित्तीय दायित्व १६ अर्ब बढी हुने समितिले जनाएको छ । 'प्रस्तावित ७०१ दरबन्दीको कटौतीबाट २०८२ असार मसान्तको मूल्यमा देहायअनुसार वार्षिक रुपमा ४८ करोड ५६ लाख ९ हजार २८५ रुपैयाँ र ३५ वर्षको सेवाअवधिमा जम्मा १६ अर्ब ९९ करोड ६३ लाख २४ हजार ९९६ रुपैयाँ बचत हुने देखिन्छ,' समितिले भनेको छ ।

प्रशासनिक पुनर्संरचनाका लागि उच्चस्तरीय निर्देशक समितिको कार्तिक ११ गतेको बैठकले नेपाल सरकारका पूर्वसचिवहरुको विज्ञटोली गठन गरेको थियो । बानियाँ नेतृत्वको सरकारले प्रशासनिक पुनर्संरचनाको लागि कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको नेतृत्वमा उच्चस्तरीय निर्देशक समिति बनाएको थियो ।

विज्ञहरुको अध्ययन समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय, कृषि पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय बनाउन सुझाव दिएको हो । यस्तै, वन तथा वातावरण मन्त्रालय, सहरी तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय कायम गर्न सुझाव दिइएको छ ।

हाल बागमती सरकारमा मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी ऊर्जा तथा सिंचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम रोजगार तथा यातायात, उद्योग वाणिज्य भूमि तथा प्रशासन, संस्कृति पर्यटन, सहकारी तथा गरिबी निवारण, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद गरी १४ वटा मन्त्रालय छन् ।

उच्चस्तरीय निर्देशक समिति संयोजक कृषिमन्त्री पौडेलले समितिको बैठक बसेर १५ दिनभित्र अर्थात् ७ वैशाखसम्म सुझाव पठाउन प्रदेशका सबै मन्त्रालय, प्रदेशसभाका विषयगत समितिलाई पत्राचार गरेको बताए । सुझाव आएपछि सरकारले पुनर्सरचनाका लागि आवश्यक निर्णय लिने उनल जनाए । संयोजक पौडेलकाअनुसार अध्ययन समितिले प्रस्ताव गरेका मन्त्रालयको विभागीय जिम्मेवारीमा हेरफेर हुन सक्ने बताए । '७ वटा मन्त्रालय हुनुपर्ने प्रस्ताव गरिए पनि सरकारले उपयुक्त विभागीय जिम्मेवारीमा हेरफेर गर्न सक्नेछ । त्यसकै लागि सुझाव मागेका छौं,' उनले भने ।

# डिजिटल हेल्थ र पेपरलेस मुख्य प्राथमिकता: मन्त्री थापा



साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापामगरले डिजिटल हेल्थ र पेपरलेसको अवधारणालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताएका छन् ।

प्रदेशको स्वास्थ्य मन्त्रालय र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत सम्पन्न कार्यबारे पत्रकारसँगको अन्तरक्रिया एवम् छलफलमा मन्त्री थापाले बिरामीको चापलाई मध्यनजर गर्दै प्रादेशिक अस्पतालमा डिजिटलाइजेशनको प्रक्रिया सुरु गरिएको जानकारी दिएका छन् । १३ वटै प्रादेशिक अस्पतालको ओपिडीमा दैनिक ६ हजार ५ सयदेखि ७ हजारसम्म बिरामी सेवा लिन आउने गरेको जानकारी दिँदै उनले डिजिटल हेल्थबाट बिरामीको चाप कम हुने विश्वास व्यक्त गरेका छन् । मन्त्री थापाका अनुसार अस्पतालमा पेपरलेसको अवधारणालाई आत्मसात् गर्दै सबै प्रादेशिक अस्पतालमा इलेक्ट्रो मेडिकल रेकडिङ प्रणाली लागुगर्न आवश्यक पूर्वाधारको तयारी गरिएको छ ।

सिन्धुली, सिन्धुपाल्चोक र धादिङ अस्पतालमा यो प्रणाली कार्यान्वयनमा गइसकेको उनले जानकारी दिए । मन्त्री थापाले आगामी वर्ष मकवानपुर र रामेछापमा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा अन्तरंग सेवा सञ्चालन गरिने बताए । औषधि उत्पादन केन्द्रबाट २१ प्रकारको औषधि उत्पादन सुरु भइसकेको उनले उल्लेख गरे । मन्त्री थापाले जनशक्ति र भौतिक संरचनाको अभावमा अहिले धेरै आधारभूत अस्पतालले सेवादिन नसकेको बताएका छन् । आधारभूत अस्पतालमा जनशक्ति परिपूर्ति गर्न मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा, भक्तपुर अस्पताल, सिन्धुली अस्पताल र त्रिशुली अस्पतालमा टेलिमेडिसिन हब बनाइसकेको उनले उल्लेख गरे ।

मन्त्री थापाले प्रादेशिक योग समितिमार्फत योग, ध्यान, प्राणायामका कार्यक्रमलाई संस्थागत गरिने बताएका छन् । कार्यक्रममा मन्त्रालयकी सचिव सुमित्रा गौतमले मन्त्रालय र प्रतिष्ठानको गतिविधिबारे प्रस्तुतीकरण राखेकी थिइन् ।

# नयाँवर्षको अवसरमा भित्तेपात्रो विमोचन

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/हेटौंडा अटोमोवाइल्स एशोसिएसनले नयाँवर्षको अवसरमा भित्तेपात्रो विमोचन गरेको छ ।

हेटौंडा उपमहानगरपालिका-११ नं. वडाअध्यक्ष जुना दाहालले भित्तेपात्रोको विमोचन गरेकी हुन् । हेटौंडा अटोमोवाइल्स एशोसियशनका अध्यक्ष धर्मराज धिमालक सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुखअतिथि वडाअध्यक्ष दाहाल, विशिष्टअतिथि नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीसहित संस्थाका पूर्वअध्यक्षहरु, निबर्तमान अध्यक्ष ऋषिकुमार ढकाल र सल्लाहकारले नयाँवर्षको अवसरमा शुभकामना दिएका थिए ।

# घरेलु मदिरा उत्पादन उद्योगमा प्रहरीको छापा, ४ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका-१ चौकीटोलस्थित अवैधरुपमा सञ्चालन गरिएको घरेलु मदिरा उत्पादन उद्योगमा छापा मार्दै ठूलो परिमाणमा मदिरा तथा कच्चापदार्थ बरामद गरेको छ ।

प्रहरीले चौकीटोलबाट ४ जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको जनाएको छ । शनिबार विशेष सूचनाका आधारमा प्रहरीटोली चौकीटोलस्थित जगतबहादुर घिसिङको जस्ताले बनेको घरमा पुगेको थियो । त्यहाँ घरेलु मदिरा उत्पादन गर्ने भट्टी सञ्चालन भइरहेको जानकारी पाएपछि प्रहरीले खानतलासी तथा छापामारी कारबाही गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिएका छन् ।

छापाकाक्रममा घरेलु मदिरा भट्टी सञ्चालक हेटौंडा उपमहानगरपालिका-१ चौकीटोल बस्ने अन्दाजी ६० वर्षीय जगतबहादुर घिसिङलाई नियन्त्रणमा लिइएको छ । सोही भट्टीमा काम गरिरहेका अन्य तीनजनालाई पनि प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवनको कालिका नगरपालिका-७ बस्ने २३ वर्षीय सुजन तामाङ, बारा जिल्लाको कोल्बी नगरपालिका-८ बस्ने १९ वर्षीय अजय लामा तथा चितवनकै कालिका नगरपालिका-९ बस्ने ३४ वर्षीय सुरेश प्रजा रहेका छन् । करिब ४ हजार लिटर तयारी अवस्थामा रहेको घरेलु मदिरा बरामद गरेको प्रवक्ता बोगटीले जानकारी दिए ।

उनकाअनुसार मदिरा उत्पादनका लागि प्रयोग गरिने करिब ५ हजार लिटर कच्चापदार्थ समेत फेलापरेको छ । तयारी मदिरा र कच्चापदार्थ भने नष्ट गरिएको छ । प्रहरीले मदिरा उत्पादनमा प्रयोग गरिएका ८ वटा ग्यास सिलिन्डर, २ वटा भट्टी चुलो, २ बोरा चामल तथा ठूलो संख्यामा प्लास्टिकका ड्रम र बोतलहरु पनि बरामद गरेको छ । बरामद गरिएका सामग्री नियन्त्रणमा लिई कानुनी प्रक्रिया अगाडि बढाइएको छ । मकवानपुर प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको र संलग्न व्यक्तिमाथि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अगाडि बढाइने जानकारी दिएको छ ।

# तिरुपति बालाजी दिव्यधाम हेटौंडाको अध्यक्षमा घिमिरे

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/हेटौंडा उपमहानगरपालिका-१ को भैरव डाँडामा निर्माणको क्रममा रहेको तिरुपति बालाजी दिव्यधामको अध्यक्षमा राजेश घिमिरे सर्वसम्मत चयन भएका छन् ।

धामको तेस्रो वार्षिक साधारणसभाबाट घिमिरेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको हो । दिव्यधामको उपाध्यक्षमा डा. कृष्णप्रसाद धिताल र चण्डिका गौतम, सचिवमा विजय पौडेल र कोषाध्यक्षमा प्रमेश पराजुली सर्वसम्मत चयन भएका हुन् । त्यसैगरी सदस्यमा सविन न्यौपाने, सर्मिला पुडासैनी, शारदा रिजाल, उत्तमप्रसाद पौडेल, केशवप्रसाद सञ्जेल र श्रीराम लुइटेल सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक दुर्गाप्रसाद न्यौपानेले जानकारी दिए ।



तिरुपति बालाजी दिव्यधामको अध्यक्ष प्रकाश न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा श्रीलक्ष्मी बैकुण्ठनाथ मन्दिर चितवन लंकुका मठाधीश श्रीस्वामी १००८ जगन्नाथाचार्यको प्रमुखआतिथ्यता रहेको थियो । कार्यक्रममा विभिन्न धार्मिक संस्थाका प्रमुख एवम् प्रतिनिधिको उपस्थिति रहेको थियो ।


## नयाँ वर्ष विशेष कार्यक्रम-२०८३

- नयाँ वर्षको स्वागत - विशेष साँझ
- DJ Dance – रमाइलो माहोल
- विशेष Snacks & Dinner Buffet

मिति:२०८२/१२/३०
समय: बेलुका ६:०० बजेबाट

**Snacks Stall:**
- भटमास साँदेको
- Veg Momo/ Chicken Momo
- Mustang Aalu
- Mushroom Crispy
- चिउरा भुटेको
- Chicken Taas/Pork Taas
- Pani Puri Stall

**Dinner Buffet:**
- Veg Biryani with Raita,
- Chicken Biryani with Raita
- Drinks as per MRP
- Complimentary 250ml Cold Drink

*आउनुहोस् परिवार र साथीहरुसँग नयाँ वर्षको रमाइलो गरौं*

**Avaocado And Orchid Resort Pvt.Ltd. Hetauda**

सम्पर्क: ९८५५०७७०८१ ०५७-५२०२३५, ५२०६११





साझाकुरा

## हाम्रो कुरा

# साना सञ्चारमाध्यमका मुद्दा

नेपाली पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले प्रेस स्वतन्त्रताको संरक्षण, सरकारी विज्ञापन प्रणालीमा पारदर्शिता, साना सञ्चारमाध्यमको प्रवर्द्धन तथा जलवायु परिवर्तनबाट प्रभावित समुदायको आवाजलाई प्राथमिकता दिने प्रतिबद्धता सहित 'जिरी घोषणापत्र' सार्वजनिक गरेको छ । हुन त महासंघले हरेक वर्ष यस्ता घोषणापत्र जारी गरि रहेको छ । कार्यान्वयनको अवस्था कहाँ पुग्यो भन्ने विषयमा खासै चासो देखिएको छैन । दोलखाको पर्यटकीय नगरी जिरीमा चैत २७ र २८ गते आयोजित बैठकमा प्रदेश समितिका पदाधिकारी, प्रदेशअन्तर्गतका जिल्ला अध्यक्षहरु तथा प्रदेशस्तरीय पत्रकार संगठनका प्रतिनिधिको सहभागितापछि ११ बुँदे घोषणापत्र जारी गरिएको हो । बैठकले सरकारी विज्ञापन प्रकाशन-प्रसारणमा देखिएका अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि सरकारले थालेका पहलको स्वागत गर्दै त्यससँग सम्बन्धित विकृतिमाथि निष्पक्ष छानबीन गर्न माग गरेको छ । श्रमजीवी पत्रकारले सञ्चालन गरेका साना तथा स्वरोजगारमुखी सञ्चारमाध्यमको संरक्षण र प्रवर्द्धनका लागि पूर्णसमानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्न सरकारसमक्ष जोडदार माग गरिएको छ ।

घोषणापत्रमा स्थानीय तहबाट प्रवाह हुने सूचना तथा जनचेतनामूलक सामग्री स्थानीय सञ्चारमाध्यममार्फत् नै प्रकाशन तथा प्रसारण हुने व्यवस्था गर्न संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारको ध्यानाकर्षण गराइएको छ । संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने कुनैपनि कदम नचाल्न सरकारलाई आग्रह गर्दै पत्रकारको पेशागत स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिइएको छ । प्रदेश सरकारका निकायमा दर्ता भएका सञ्चारमाध्यमसम्बन्धी विद्यमान अन्योलता अन्त्य गर्न संघीय र प्रदेश सरकारबीच समन्वय गरी समस्या तत्काल समाधान गर्नुपर्ने आवश्यकता औंल्याउँदै बागमती प्रदेश सरकारलाई सञ्चार रजिस्ट्रार कार्यालय कायम राख्न पनि अनुरोध गरिएको छ । घोषणापत्रमा महासंघले आम श्रमजीवी पत्रकारको अभिभावक र संरक्षकको भूमिका प्रभावकारीरुपमा निर्वाह गर्नुपर्नेमा पछिल्ला घटनाक्रमले त्यसलाई पूर्णरुपमा पुष्टि गर्न नसकेको टिप्पणी गरिएको छ । महासंघको गरिमा उकास्नु पर्ने विषयमा देखिएको अन्योलताले प्रदेश, जिल्ला तथा श्रमजीवी पत्रकारमा नकारात्मक असर परेको उल्लेख गर्दै केन्द्रीय समितिको गम्भीर ध्यानाकर्षण गराएको छ । बैठकले जलवायु परिवर्तनका प्रभावलाई पत्रकारिताको प्राथमिक एजेन्डा बनाउनुपर्ने निष्कर्ष पनि निकालेको छ ।

विशेषगरी महिला, दलित, गरिब तथा सीमान्तकृत समुदाय जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित हुने भएकाले उनीहरुको आवाजलाई समाचारको केन्द्रमा राख्ने प्रतिबद्धता जनाएको छ । यसै सन्दर्भमा आदिवासी जनजाति तथा स्थानीय समुदायले पुस्तौंदेखि प्रयोग गर्दै आएको 'रैथाने ज्ञान' लाई वैज्ञानिकरुपमा अभिलेखीकरण गरी नीति निर्माण तहसम्म पुऱ्याउन पत्रकार समुदायले भूमिका खेल्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ । घोषणापत्रले पर्यटकीय नगरी जिरी तथा आसपासका प्राकृतिक सम्पदामा जलवायु परिवर्तनले पारेको प्रभाव न्यूनीकरणका लागि संघीय, प्रदेश र स्थानीय सरकारलाई आवश्यक पहल गर्न आग्रह गरेको छ । बैठक तथा जलवायु परिवर्तनसम्बन्धी सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गर्न सहयोग पुऱ्याउने बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय, नेपाल पत्रकार महासंघ दोलखा शाखा तथा स्थानीय पर्यटन व्यवसायीप्रति महासंघले आभार व्यक्त गरेको छ । बैठकको अन्त्यमा जोखिमपूर्ण रिपोर्टिङका क्रममा व्यक्तिगत सुरक्षामा ध्यान दिँदै बदलिँदो समय र जनअपेक्षाअनुसार व्यावसायिक, जिम्मेवार र स्वतन्त्र पत्रकारिताको उच्चअभ्यास गर्न सम्पूर्ण सञ्चारकर्मीलाई अपिल गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ बैशाख १ गते मंगलबार १४ अप्रिल २०२६ । द्वादशी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४३ सूर्यास्त ६:२७ । नववर्षारम्भ । वैशाख संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दुःख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# संविधान, संघीयता र प्रदेशको मामिलामा देखिएका विसङ्गति



✍ पुरुषोत्तम ओझा

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधि सभाको निर्वाचनमा करिब दुई तिहाइको मतसहित विजय हासिल गरेसँगै सो पार्टीको घोषणापत्र (वाचापत्र) मा उल्लेख भएका विषयहरूमा आम जनताको चासो र चर्चा हुन थालेको छ । उक्त वाचापत्रमा पार्टीले मुलुकको समुन्नतिका लागि काम गर्ने पाँच प्राथमिकताका क्षेत्रहरूलाई स्पष्ट गरिएको छ भने दलको सैद्धान्तिक धरातलको व्याख्यासहित रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० वटा आधारको विवेचना गरिएको छ ।

उल्लिखित वाचापत्रको दशौँ बुँदामा संविधान संशोधनका लागि प्रारम्भिक छलफल गर्ने गरी पाँचवटा बुँदा प्रस्ताव गरिएको छ । यसमा प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकारको अलावा प्रादेशिक स्वरूपलाई सुधार्ने विषय समेटिएको पाइन्छ । विकृत बन्दै गएको वर्तमान राजनीतिक परिदृश्यमा आम जनताको धारणा र आकांक्षालाई ध्यानमा राखी संविधानको पुनरावलोकन गर्नका लागि यी विषयहरू महत्त्वपूर्ण, समसामयिक र छलफलयोग्य छन् । यी विषयहरूमध्ये पनि प्रादेशिक संरचना र त्यसको औचित्यका सम्बन्धमा धेरै चिन्तक र विज्ञहरूबीच चर्चा हुने गरेको छ ।

करिब एक दशकको अन्तरिमकालीन प्रबन्धलाई चिर्दै धेरै छलफल र विचार-विमर्शपछि संविधानसभाले नेपालको संविधान, २०७२ पारित गरेको विषय जगजाहेर नै छ । लामो समयसम्मको रस्साकस्सीपश्चात् संविधानसभाभित्र रहेका कतिपय स्वार्थ समूहको माग र तुष्टि पूरा गर्ने हिसाबले पनि संविधानमा कतिपय विषय समेटिएका छन्, जुन समयक्रमसँगै असङ्गत लाग्दछ भने कतिपय विषय संविधानले देखेको तर व्यवहार र कार्यान्वयनमा नसमेटेको देखिन्छ ।

### कार्यान्वयन नभएका विषय

संविधानको धारा ३० मा 'वातावरणको हक' मा आम नेपाली जनताले स्वच्छ वातावरणमा बाँच्न पाउने विषय उल्लेख भएको छ । तथापि मुलुकमा स्वच्छ वातावरण सिर्जना गर्ने काम राज्यको भए तापनि यसतर्फ खासै प्रगति भएको पाईंदैन । अझ त्यसमा पनि राजधानी सहर काठमाडौँ विश्वकै प्रदूषित सहरका रूपमा दर्ज भएको छ । वातावरणीय स्वच्छताका लागि सरकारको तर्फबाट खासै ठोस पहल पनि हुन सकेको छैन । शिक्षासम्बन्धी हकमा माध्यमिक तहको शिक्षा नि:शुल्क र दृष्टिविहीन, अपाङ्गता भएका तथा बहिरालाई विशेष पद्धतिबाट नि:शुल्क शिक्षा दिने विषय र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई नि:शुल्क उच्च शिक्षा दिने विषय मौलिक हकका रूपमा उल्लेख भए तापनि यो विषय कार्यान्वयन भएको पाइँदैन । प्रत्येक नागरिकलाई रोजगारी पाउने हक भए तापनि मुलुकभित्र रोजगारी उपलब्ध हुन नसकेका कारण दिनहुँ ठुलो संख्यामा युवाहरू विदेशिएकै छन् ।

खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र खाद्य सम्प्रभुता तथा स्वास्थ्य सेवामा समान पहुँच र नि:शुल्क रूपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हकजस्ता आम जनताको जीवनसँग जोडिएका हक पनि आम जनताले उपयोग गर्न पाइरहेको अवस्था छैन । आवासको हकसम्बन्धी प्रबन्धले ओडारमा बस्ने चेपाङ (प्रजा) र जङ्गलमा बस्ने राउटे जातिलाई गिज्याइरहेको अनुभूति हुन्छ । यसैले संविधानले प्रदत्त गरेका हकको प्रचलन गराउनका लागि गम्भीरतापूर्वक काम गर्नुपर्ने चुनौती नवगठित सरकारसमक्ष खडा छ ।

### नियुक्तिमा भागबन्डा

संविधानमा प्रबन्ध गरिएका संवैधानिक परिषद् र न्याय परिषद्ले हालसम्म गरिआएका कामकारबाहीलाई चौतर्फी रूपमा आलोचना हुने गरेको छ । अपारदर्शी निर्णय र मूलत: दलीय भागबन्डाका आधारमा नियुक्तिको सिफारिस हुने गरेको सबैले अनुभव गरेकै विषय हो भने नातावाद, कृपावाद र अझ त्यसमाथि लेनदेनका आधारमा समेत नियुक्तिको सिफारिस गरिन्छ भन्ने पनि आम बुझाइ रहेको छ । यसबाट मौजुदा संवैधानिक प्रणालीमाथि आम जनताको विश्वास र भरोसा टुट्ने अवस्थामा पुगेको छ ।

### औचित्य पुष्टि हुन नसकेका बग्रेल्ती आयोगहरू

संविधानमा महत्त्वका साथ राखिएका छवटा आयोगका अलावा अरू नौवटा आयोगको प्रबन्ध गरिएको छ । यी सबै आयोग मुलुकका लागि आवश्यक थिए वा थिएनन् भन्ने बहसको विषय बन्न सक्दछ । उदाहरणका लागि एउटा समावेशी आयोग बनाएपछि उसैले सबै सम्प्रदाय, जात, धर्म र लिङ्गका नागरिकको समस्या हेर्न सक्ने हुँदा जातैपिच्छेका आयोगहरू बनाउन जरुर त थिएन । यसो गर्नुमा कार्यकर्ता भर्ना गर्नेबाहेक त्यसको अरू प्रयोजन होला भनेर विश्वास गर्न सकिँदैन । यसले गर्दा कार्यक्षेत्र खापिई काममा दोहोरोपन र अस्पष्टता बढ्ने र लक्षित वर्गले समयमा सेवा पाउन कठिन हुनेछ ।

उदाहरणका लागि एक जना आदिवासी महिलाले आफूलाई सरोकार परेको विषयमा परामर्श गर्नुपरेमा कहाँ जाने ? महिला आयोग, समावेशी आयोग वा आदिवासी आयोग वा तीनवटै आयोग ? भाषा आयोगको काम नेपाल सरकारको पर्यटन र संस्कृति मन्त्रालयले गर्न सक्दछ भने निर्वाचन क्षेत्र निर्धारणको काम स्थायी प्रकृतिको नहुने भएकोले कार्यपालिकाको निर्णयबाट गरे पनि पुग्ने हो । मौजुदा संवैधानिक प्रबन्धले त आम जनताले सुविधा पाउनेभन्दा पनि सास्ती भोग्नुपर्ने बरु अनावश्यक व्यक्तिले राष्ट्रको ढुकुटीमा तर मार्न अवसर पाउने कुरालाई सुनिश्चित गरेको अर्थमा बुझ्न सकिन्छ ।

### संघीय संसद्मा किन यति धेरै सांसद ?

नेपालको दुई सदनात्मक संघीय संसद्मा प्रतिनिधिसभामा २७५ र राष्ट्रिय सभामा ५९ गरी कुल ३३४ सदस्य रहेका छन् । कुल जनसंख्याको तुलनामा तल्लो सदन अर्थात् प्रतिनिधिसभाको संख्यालाई आधार मानेर हेर्दा प्रति १ लाख ९ हजार जनसंख्याका लागि एक जना सांसद पर्न आउँछ । दुवै सदनको सदस्य संख्याको हिसाबबाट गणना गर्दा प्रति ९० हजार जनसंख्यामा एक जना सांसद पर्न आउँछ ।

नेपालजस्तै संसदीय प्रणाली भएका छिमेकी मुलुकको स्थिति हेर्दा भारतको लोकसभामा रहने ५४३ सांसदले कुल जनसंख्यालाई भाग गर्दा एक जना सांसदले सरदरमा २६ लाखभन्दा बढी जनसंख्याको प्रतिनिधित्व गरेको पाइन्छ । यसैगरी बङ्गलादेशमा १७ करोड जनसंख्याका लागि जातीय संसद्मा ३५० सांसद, २४ करोडभन्दा बढी जनसंख्या भएको पाकिस्तानको नेसनल एसेम्बलीमा ३४२ सदस्य र २ करोड २० लाख जनसंख्या भएको श्रीलङ्काका लागि २२५ सदस्य भएको संसद् रहेको पाइन्छ । नेपालजस्तो आर्थिक रूपले कमजोर मुलुकमा यति धेरै सांसद किन चाहिएको होला ? यसको उत्तर खोज्ने बेला भएन र ?

### संघीयता र प्रदेश संरचना

नेपालको संविधानले राज्यको चरित्रबारे स्पष्ट गर्दै 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनी उल्लेख गरेको छ । यसबमोजिम संविधानले तीन तहको सरकारको प्रबन्ध पनि गरेको छ । तथापि नेपालजस्तो सानो मुलुकले संघीय प्रणालीमा जानु ठिक हो वा होइन भन्ने प्रश्न र सातवटै प्रदेश किन भन्ने प्रश्न पनि विभिन्न वृत्तबाट उठाइएको देखिन्छ । कुल जनसंख्या र भौगोलिक क्षेत्रको दृष्टिकोणबाट विचार गर्दा मुलुकको जनसंख्या तीन करोडभन्दा कम र भूगोलको आकार डेढ लाख वर्ग किलोमिटरभन्दा पनि कम भएको कारणले संघीय प्रणाली अपनाउन के ठिक हो ? भन्ने प्रश्न खडा हुन्छ । नेपालको उत्तर र दक्षिणमा रहेका भीमकाय मुलुकहरूसँग भूगोल र जनसंख्याको आकार तुलनायोग्य नै छैन । नेपालको जनसंख्याभन्दा भारतको मध्यप्रदेशबाट टुक्रिएर बनेको छत्तीसगढ राज्यको जनसंख्या बढी छ भने नेपालसँग सिमाना जोडिएको भारतीय राज्य उत्तर प्रदेशको क्षेत्रफल नै नेपालभन्दा एक लाख वर्ग किलोमिटरले धेरै छ ।

उत्तरतर्फको चीनको स्वशासित क्षेत्र तिब्बतको क्षेत्रफल नेपालको भन्दा आठ गुणाले बढी छ । यस अर्थमा मुलुकको संघीय संरचनालाई पुष्टि गर्न कठिन छ, तथापि जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधताका कारणबाट नेपालमा संघीय परिपाटी आवश्यक छ भन्ने मत पनि जबर्जस्त रूपमा अगाडि सारिएको पाइन्छ । सानो भूगोल र जनसंख्या तर भाषिक विविधता भएको र सफल संघीय परिपाटी अपनाएको मुलुकका रूपमा स्विट्जरल्यान्डलाई लिइन्छ । तर पनि, उन्नत आर्थिक अवस्थाका साथै शिक्षा र चेतनाको स्तर उच्च भएको र पूर्ण प्रजातान्त्रिक अभ्यास गरिआएको युरोपियन मुलुकसँग नेपालको तुलना कसरी हुन सक्ला ? उदाहरणका लागि कतिपय आम सरोकारका विषयमा स्विस सरकारले आम जनताको राय र निर्णयलाई महत्त्व दिएको हुन्छ । यसका लागि स्विट्जरल्यान्डका जनताले जनमत सङ्ग्रहमार्फत आफ्नो अभिमत प्रकट गर्दछन् ।

केही वर्ष अगाडिको कुरा हो । कुनै एक धार्मिक समुदायसँग सम्बन्धित धार्मिक प्रतिष्ठान निर्माण गर्न माग भएको सन्दर्भमा स्विस सरकारले जनमत सङ्ग्रह गराउने निर्णय गऱ्यो र जनमत सङ्ग्रह पनि भयो । जनमतले सो प्रस्ताव अस्वीकार गऱ्यो र यसरी अस्वीकार गरिएको कुरालाई सबैले माने । कुनै हुलदङ्गा वा तोडफोड भएन । के हामीकहाँ त्यस्तो कुरा मान्य हुन्थ्यो होला ? नेपालका केही साना राजनीतिक दलहरूमा चित्रबहादुर केसी नेतृत्वको जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी र अन्य केही दलहरू त संघीयताको विपक्षमै आफूलाई उभ्याउँदै आएका थिए भने राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति स्वर्णिम वाग्लेले भने प्रदेश सभा खारेज गरी छरितो र कम खर्चिलो वैकल्पिक प्रबन्ध गर्न, गाउँपालिका र नगरपालिकाका क्रमश: अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुखलाई प्रदेश सभाको पदेन सदस्य बनाउन उपयुक्त हुने विचार प्रकट गरेको पाइन्छ । यस आलोकमा उक्त पार्टीले राखेको सुधारिएको प्रदेश संरचना कस्तो बनाउँदा प्रभावकारी होला भन्ने विषयमा भने व्यापक विचार-विमर्श हुन जरुरी देखिन्छ ।

प्रदेश संरचना खर्चको तुलनामा एकदमै कम उपलब्धिपूर्ण छ भन्ने बहस एकातिर छ भने प्रदेश सांसदले पाउने तलब र भत्तालाई सम्पूर्ण साधारण खर्चसँग तुलना गर्दै त्यो रकम खासै ठुलो होइन भन्ने जमात अर्कोतिर देखिएको छ । जातीय र क्षेत्रीय पहिचानका लागि संघीयता अनिवार्य छ भन्ने पनि अर्कोथरीको मत छँदैछ । प्रदेश संरचनाका कारण संघीयता कसरी आर्थिक रूपमा बोझिलो बन्दै गएको छ भन्ने विषयलाई निम्न पक्षबाट पनि हेर्नुपर्ने हुन्छ । चालू वर्षको बजेटमा करिब १४ खर्ब ६४ अर्ब राजस्व प्राप्त हुने अनुमान रहेकोमा आर्थिक वर्षको मध्यावधि मूल्याङ्कनअनुसार करिब १२ खर्ब ९८ अर्ब मात्र सङ्कलन हुन सक्ने अनुमान छ ।

व्ययतर्फ सुरुमा कुल १९ खर्ब ६४ अर्ब अनुमान गरिएकोमा सैमा १५ खर्ब ४६ अर्ब, प्रदेशमा ९७ अर्ब ५६ करोड र स्थानीय निकाय तर्फ ३ खर्ब २० अर्ब विनियोजन गरिएको थियो । यसरी हेर्दा खर्चको विनियोजनमा सै, प्रदेश र स्थानीय निकायको हिस्सा क्रमश: ७९ प्रतिशत, ५ प्रतिशत र १६ प्रतिशत रहेको देखिन्छ । संघीय सरकारमा छुट्याइएको बजेटमध्येबाट ४ खर्ब १८ अर्ब प्रदेश र स्थानीय तहमा अनुदानका रूपमा जाने गरी छुट्याइएको देखिन्छ । यसरी हेर्दा चालु खर्चतर्फ सरदर ३७ प्रतिशत र पुँजीगततर्फ ६३ प्रतिशत विनियोजन गरिएको देखिन्छ । तथापि विगतका यथार्थ खर्चको आँकडा हेर्ने हो भने चालु खर्च विनियोजनकै हाराहारीमा भएको पाइन्छ भने पुँजीगततर्फ खर्चको प्रगति लक्ष्यको तुलनामा धेरै नै कम भएको देख्न सकिन्छ ।

अहिले आम जनताको बिचमा जनप्रतिनिधिहरू अलोकप्रिय र बदनाम हुँदै जानुमा धेरैजसो कारण उनीहरूले लिएका अस्वाभाविक सुविधा र त्यसको परिपूर्ति गर्न जनतामाथि थोपरिएका अनेक प्रकारका कर, शुल्क र दस्तुरको भार पनि हो । यस किसिमको परिपाटीले खासगरी २०७२ सालको संविधान आएपछि व्यापकता पाएको हो । विगतको इतिहास हेर्ने हो भने पञ्चायतकालीन अवस्थामा प्रधानपञ्च र उपप्रधानपञ्चहरूले आफ्नै निजी खर्चमा जिल्ला सदरमुकाम वा केन्द्रमा भ्रमण गरी जनताको काम गर्दथे भने २०४६ सालको परिवर्तनपछि पनि गाउँ विकास समितिका अध्यक्षहरूले पनि तलब लिएनन् । कामको सिलसिलामा बाहिर जानुपर्दा मात्र भत्ता लिने चलन थियो । तर पछिल्लो संविधान लागु भएसँगै एकैपटक ठुलो संख्यामा जनप्रतिनिधिहरूले तलब लिने प्रबन्ध मिलाइयो । अहिले केन्द्रका जनप्रतिनिधिदेखि वडा सदस्यसम्मले पनि राज्यकोषबाट तलब, भत्ता र अन्य सुविधा पाउँदछन् ।

जनप्रतिनिधिहरूले राज्यकोषबाट सुविधा लिनु आफैँमा नराम्रो त होइन । तर यसरी दिइने सुविधालाई प्रतिफलसँग दाँजेर हेरिनुपर्ने हुन्छ । ऐन, कानुन र नीति बनाउने विषयमा संघीय व्यवस्थापिका र कार्यपालिकाको प्रमुख भूमिका हुने नै भयो भने स्थानीय तहले आम जनतालाई प्रत्यक्ष रूपमा सेवा दिने हुँदा शासकीय व्यवस्थापनका दृष्टिकोणबाट यी दुवै तहको महत्त्वलाई कम आँक्न सकिँदैन । तर प्रदेश तहको औचित्य पुष्टि गर्ने कुरा भने त्यति सहज देखिन्न ।

प्रदेश तहमा ठ्याक्कै संघीय प्रबन्धजस्तै संरचना खडा गरिएको छ । प्रदेश प्रमुख, संसद्, मुख्यमन्त्री, मन्त्रीहरू, मन्त्रालय, विभाग, निर्देशनालय, प्राधिकरण र अनेक प्रकारका आयोगहरू सञ्चालनमा प्रत्येक वर्ष अर्बौं रकम चालु खर्च हुने गरेको छ । माथि तालिकामा दिइएको आँकडाबाट पनि यस आ.व. मा प्रदेश तहमा चालु खर्च मात्रै १ खर्ब ५ अर्बभन्दा बढी विनियोजन भएको देखिएको छ । अरू पुँजीगत खर्चको अवस्था जेजस्तो भए पनि यो विनियोजनको रकम खर्च हुने कुरामा सन्देह रहन्न ।

प्रदेश सरकार र प्रदेश सभामा हुने वित्तीय लागतको भारका अलावा आर्थिक लागतको विषयमा विचार गर्ने हो भने ५५० जना र सोभन्दा बढी व्यक्तिलाई उत्पादनशील कर्मबाट वञ्चित गरी अनुत्पादक कुरामा अल्झाइएको त छैन भनेर हेर्नुपर्ने हुन्छ । यसरी कार्यकर्तालाई राज्यको ढुकुटीबाट पाल्ने गरी विश्राम दिँदा राजनीतिक दललाई आफ्ना कार्यकर्ता व्यवस्थापनमा सहज होला तर यसबाट उनीहरूबाट हुने आर्थिक उपार्जनको अवसर भने छुट्ने भयो ।

आर्थिक उपार्जनका लागि कसैले कुखुरा पाल्थे होलान्, कसैले व्यावसायिक खेती गर्दथे होलान् अथवा कसैले अन्य केही उत्पादनमूलक व्यवसाय गर्थे होलान्, जसबाट मुलुकको उत्पादन क्षमता बढाई अर्थतन्त्रमा योगदान पुग्न सक्दथ्यो । बरु यसको नकारात्मक असरका रूपमा निर्णयको तह थपिने, काममा ढिलासुस्ती र दोहोरोपन हुनाका साथै कारोबारको लागत पनि बढ्ने नै भयो । अहिले आम जनतालाई स्थानीय तहलगायत प्रदेश र संघीय तहमा लगाइएका विभिन्न प्रकारका करहरूले पिरोलिरहेको अवस्था छ । त्यसमा पनि संघीयता लागु भइसकेपछि त्यसभन्दा अगाडिको तुलनामा करको दरमा व्यापक वृद्धि भएको छ । जन्मदर्तादेखि लिएर मृत्युदर्तासम्म जनतालाई करको भारी बोकाइएको छ ।

यसबाहेक सबै प्रकारका व्यवसाय कारोबार र प्रमाणपत्रका लागि स्थानीय तहको सिफारिसलाई अनिवार्यजस्तै बनाइएको छ भने सिफारिस दस्तुर कामको प्रकृति हेरी स्थानीय तहले रु. ५०० देखि १० हजारसम्म पनि लिएको पाइन्छ । यसमा पनि जनताले सहज रूपमा सेवा नपाई ढिलासुस्ती र व्यक्तिगत पहुँचबाट काम गराउनुपर्ने अवस्था विद्यमान छ । अहिलेको सन्दर्भमा प्रतिनिधिसभामा झन्डै दुई तिहाइ मतका साथ विजय भएको राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावी वाचापत्रमार्फत व्यक्त गरेको भ्रष्टाचार नियन्त्रण, असल शासनको प्रत्याभूति र प्रादेशिक संरचनालगायत संविधानमा गरिनुपर्ने सुधारका विषयमा आम जनताको मनोभावनालाई बुझी नवगठित सरकारले महत्त्वपूर्ण कदम उठाउनेछ भनी आशा गर्न सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# स्वास्थ्य क्षेत्रको सुधारमा प्रशासन र मिडियाको भूमिका

✍ भगवती तिमल्सिना

नेपालको स्वास्थ्य क्षेत्र यति बेला संक्रमणकालीन अवस्थामा छ । एकातिर राज्यले 'सर्वसुलभ स्वास्थ्य सेवा', 'स्वास्थ्य बिमा' जस्ता महत्वाकांक्षी कार्यक्रमहरू अघि सारेको छ भने अर्कोतिर सेवा प्रवाह, व्यवस्थापन र जनविश्वासका सवालहरू अझै जटिल नै देखिन्छन् । यो अवस्था केवल सरकारको नीतिगत कमजोरीको परिणाम मात्र होइन, कार्यान्वयन संयन्त्र, प्रशासनिक संस्कार र सञ्चारमाध्यमको प्रस्तुतिसँग पनि गहिरोरूपमा जोडिएको छ ।

पछिल्लो केही वर्षमा नेपालले स्वास्थ्य क्षेत्रमा केही उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । खोप कार्यक्रमको विस्तार, मातृ तथा शिशु मृत्युदरमा आएको कमी र आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार यसका उदाहरण हुन् । ग्रामीण क्षेत्रसम्म स्वास्थ्य चौकीहरूको विस्तार र स्थानीय तहलाई स्वास्थ्य सेवा व्यवस्थापनमा जिम्मेवारी दिनु संघीयताको एउटा सकारात्मक पक्ष मानिन्छ । तर यिनै उपलब्धिहरूको छायामा गम्भीर चुनौतीहरू पनि छन् । डेंगीजस्ता संक्रामक रोगहरूको पुनरावृत्ति, अस्पतालहरूमा जनशक्ति अभाव, उपकरणको कमी, सेवा गुणस्तरमा असमानताजस्ता समस्या दिन-प्रतिदिन जटिल बन्दै गएका छन् । विशेष गरी शहरी र ग्रामीण स्वास्थ्य सेवाबीचको खाडल अझै घट्न सकेको छैन । स्वास्थ्य बिमा कार्यक्रमले सर्वसाधारणलाई राहत दिने अपेक्षा गरिएको थियो । तर व्यवहारमा अस्पतालहरूले दाबी भुक्तानीमा ढिलाइ भएको गुनासो गर्दै आएका छन् भने सेवाग्राहीले गुणस्तरीय सेवा नपाएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । यसले कार्यक्रमप्रतिको विश्वासमा प्रश्न उठाएको छ । यस्ता गम्भीर विषयमा सरकार प्राय: मौनजस्तै देखिनु दु:खद कुरा हो ।

नागरिकको स्वास्थ्य सुविधा पाउने नैसर्गिक अधिकार संविधानमै व्यवस्था गरिएको छ । तर सरकारले संविधानमा व्यवस्था भएका जनस्वास्थ्यका विषयमा खासै चासो दिएको पाइन्न । जनस्वास्थ्य हरेक नागरिकसँग सम्बन्धित विषय हो । बिरामी परेर अस्पताल पुग्दा हरेक नागरिकको पहुँचमा अर्थतन्त्र हुँदैन । यस्तो अवस्थामा स्वास्थ्य बिमाले काम गर्ने गरी नागरिकको फाइल खडा गर्नुपर्ने सरकारको दायित्व हुन आउँछ । तर यसो गर्नुको सट्टा सरकारले जनताको दु:खमा मलहम पट्टी लगाउनेसम्मको काम स्वास्थ्य बिमाबाट गरेको नदेखिनुले धेरै पीडा दिएको छ । नयाँ सरकारले पनि स्वास्थ्य बिमाको नामसमेत उच्चारण नगर्नुले नागरिकमा थप चिन्ता बढेको छ ।


त्यसै गरी नेपालका सञ्चारमाध्यमहरूले स्वास्थ्य क्षेत्रलाई निरन्तर कभर गरिरहेका छन् तर कभरेजको स्वरूपमाथि प्रश्न उठ्ने ठाउँहरू प्रशस्त छन् । प्राय: मिडियाहरूले महामारी, प्रकोप वा विवादित घटनाहरूलाई प्राथमिकता दिन्छन् । डेंगी फैलिँदा, अस्पतालमा लापरबाही हुँदा वा बिरामीको मृत्यु विवादास्पद बन्दा मात्रै स्वास्थ्य समाचार मुख्य धारमा आउँछ । यसले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ- के मिडिया केवल समस्या देखाउने माध्यम हो ? कि समाधान खोज्ने साझेदार पनि ? यी प्रश्नको जवाफ सञ्चारमाध्यमले दिनुपर्ने अवस्था आएको छ । देशमा सुशासनको कुरा धेरै गरिन्छ तर व्यवहारमा सुशासन निकै छायामा परेको छ । यता मिडिया टिकाउनका लागि नागरिकको सरोकारको विषयमा लेखिएका समाचारलाई पाखा लगाउँदै विज्ञापन छाप्नुपर्ने बाध्यता सञ्चार माध्यमको छ । यस्ता विषयमा सरकारको ध्यान पुग्न सकेको छैन ।

उल्टै सञ्चारमाध्यमको बाँच्ने एउटै आधार विज्ञापन भएको देशमा विज्ञापन सरकारको मुखपत्रमा मात्र दिने निर्णय गर्नुले थप जटिलता निम्त्याएको छ । यिनै कारणले अनुसन्धानात्मक पत्रकारिता केही हदसम्म देखिए पनि अझै पर्याप्त हुन सकेको छैन । खोज पत्रकारिताका क्षेत्रमा पर्याप्त लगानी, विज्ञ जनशक्तिको परिचालन गर्न नसक्दा औषधि खरिदमा अनियमितता, उपकरण आपूर्तिमा भ्रष्टाचार वा स्वास्थ्य बिमाको दुरुपयोगजस्ता विषयहरूमा गहिरो खोजी कमै हुन्छ ।

अधिकांश रिपोर्टिङ घटनामुखी र प्रतिक्रियात्मक देखिन्छ । अर्कोतर्फ, समाधानमुखी पत्रकारिताको अभ्यास कम हुने गरेकै कारण अभाव स्पष्ट देखिन्छ । कुनै जिल्लामा राम्रो अभ्यास भएको छ भने त्यसलाई उदाहरणका रूपमा प्रस्तुत गर्ने, सफल मोडेललाई विस्तार गर्ने बहस सिर्जना गर्नेजस्ता प्रयास न्यून छन् । यस्ता विषयमा सरकारको नीति राम्रो तर कार्यान्वयन कमजोर हुँदै गएको देखिन्छ । नेपाल सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता बारम्बार व्यक्त गर्दै आएको छ ।

क्रमश: पृष्ठ-३...

# मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति: सुनदेखि सामाजिक सञ्जालसम्म



काठमाडौं/वालेन्द्र शाह नेतृत्वमा नयाँ सरकार बनेको १७ दिनमा मन्त्रिपरिषद्का सदस्यहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छन् । सार्वजनिक पदधारण गर्ने व्यक्तिको सम्पत्ति पारदर्शी हुनुपर्ने माग हुँदै आएपनि विगत बनेका केही सरकारका मन्त्रीहरूले सम्पत्ति विवरण सरकारलाई बुझाएका मात्र थिए सार्वजनिक गरेका थिएनन् । रास्वपाले चुनावी वाचापत्रमै सार्वजनिक पद धारण गर्नुअघि सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रतिबद्धता गरेको थियो ।

सरकारले सार्वजनिक गरेको १०० कार्यसूचीमा २०४७ सालपछिको सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने निर्णय समेत गरेको छ । पहिले पदमा बसेकाहरूको सम्पत्ति समेत सार्वजनिक गर्ने सरकारको निर्णय रहेकाले उनीहरुले विवरण बुझाएर सार्वजनिक गरेका हुन् ।

भ्रष्टाचार निवारण ऐजमा मन्त्रीहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ । तर यसरी बुझाएको विवरण सार्वजनिक गर्नैपर्ने कानुनी बाध्यता छैन । त्यसैले विवगतका धेरै वटा मन्त्रिपरिषद्ले विवरण बुझ्ने तर सार्वजनिक गर्न हिच्किचाउँथे । जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारका मन्त्रीहरूको पनि विवरण सार्वजनिक भएको थिएन ।

आइतबार सार्वजनिक भएका मन्त्रीहरूका सम्पत्ति विवरण हेर्दा अधिकांश मन्त्रीहरूको आर्थिक अवस्था उच्च र केहीको मध्यम देखिएको छ । घरजग्गा, शेयर, सुनचाँदी गरगहनादेखि पशुधनसमेतको विवरण उनीहरूले सार्वजनिक गरेका छन् । यी विवरण हेर्दा मन्त्रिपरिषद्का सदस्यहरूको व्यक्ति र पारिवारिक आर्थिक अवस्था उन्नत देखिन्छ ।

**प्रधानमन्त्रीको मुख्य सम्पत्ति: सामाजिक सञ्जाल**

सम्पत्तिको परिभाषाभित्र अब घरजग्गा, बैंक ब्यालेन्स, सुनचाँदी गरगहना मात्र रहेनन् । सामाजिक सञ्जालका फलोअर्स पनि अब सम्पत्तिको रुपमा दर्ज भएका छन् । प्रधानमन्त्री वालेन्द्र शाहले नै आफ्नै सम्पत्ति विवरणमा आफ्नो मुख्य कमाईकोस्थल समाजिक सञ्जाललाई देखाएका छन् । प्रधानमन्त्री बालेन शाहले आफ्नो बैंक ब्यालेरुन्स १ करोड ४६ लाख रुपैयाँ रहेको खुलाएका छन् । यसको स्रोत समाजिक सञ्जाल हो ।

उनले फेसकुबमा ४० लाख, युट्युबमा १२ लाख, एक्समा ५ लाख फलोअर्स रहेको पनि जानकारी गराएका छन् । उनको व्यक्तिगत नाममा घर जग्गा छैन । उनको आमा र बुवाको नाममा भने पर्याप्त जग्गाजमिन छ । उनले आफ्नो सम्पत्तिको स्रोत सामाजिक सञ्जाललाई मानेका छन् । प्रधानमन्त्री शाहकी पत्नी सविना काफ्लेको नाममा १९० तोला गरगहना रहेको उल्लेख छ ।

सुन, चाँदी, हिरा लगायतका गरगरहना १९० तोला गरगहना रहेको सम्पत्ति विवरणमा उल्लेख छ । उक्त सम्पत्ति प्राप्तिको स्रोत 'पैत्रिक' रहेको सम्पत्ति विवरणमा उल्लेख छ । आमाको नाममा काठमाडौंमा ५ आना जग्गा घर, धनुषामा डेढ बिगाहामा घर र महोत्तरीमा बाबुको नाममा ९ बिगाहा जग्गा रहेको छ । प्रधानमन्त्री शाहले शेयरको विवरण राखेका छैनन् ।

**गृहमन्त्री सुधन गुरुङ : ८९ तोला सुन, लाखौंको शेयर**

गृहमन्त्री सुधन गुरुङको ८९ तोला सुन छ । उनको नामा धनकुटामा १९ रोपनी १५ आना जग्गा रहेको उल्लेख छ । उक्त जग्गा लगानीबाट जोडेको सम्पत्ति विवरणमा उल्लेख छ ।

गृहमन्त्री गुरुङका पिता दिलबहादुर गुरुङको नाममा चितवनको भरतपुर-१८ गुञ्जनगरमा ३० कठ्ठा र बाजे रामसल गुरुङको (बाँडफाँट नभएको) नाममा गोरखाको चुननुब्रीमा २ सय २१ रोपनी जग्गा रहेको उल्लेख छ । गृहमन्त्री गुरुङको शेयर मार्केटमा ४ करोड ३१ लाख बढी लगानी देखिएको छ । जसमा होप होल्डिङ्स प्रालिमा ३० हजार थान साधारण शेयर रहेको उल्लेख छ । उक्त शेयरको मूल्य ३० लाख रहेको सम्पत्ति विवरणमा उल्लेख छ । त्यस्तै, लगुम प्रिमियम अपार्टमेन्ट्स प्रालिमा ५ हजार ७ सय थान साधारण सेयर रहेको उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन् । जसको मूल्य ५७ लाख रहेको उल्लेख छ ।

त्यस्तै, सबैभन्दा बढी लगानी 'धितोपत्र बजारमा कारोबार हुने शेयरहरू' मा भएको उनले एकमुष्ट उल्लेख गरेका छन् । व्यवसायीक र पैत्रिक सम्पत्ति स्रोत देखाउँदै उनले उल्लेख गरेको विवरण अनुसार, 'धितोपत्र बजारमा कारोबार हुने शेयरहरू' मा २ करोड ७४ लाख ५६ हजार २ सय रहेको उल्लेख छ ।

एड्भेन्चर भिल्ला प्रालिमा पनि उनले आफ्नो शेयर रहेको उल्लेख गरेका छन् । जहाँ ७० हजार थान शेयर रहेको र त्यसको मूल्य ७० लाख हुन आउने उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन् ।

**अर्थमन्त्री वाग्ले : चार घर, कुस्त बैंक ब्यालेन्स**

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले चारवटा घर, अपार्टमेन्ट रहेको खुलाएका छन् । लामो समय विदेशमा बसेर जागिर गरेका वाग्ले आफ्नो सम्पत्तिको मुख्य स्रोत नै त्यही देखाएका छन् । उनको ललितपुरको सानेपामा (अपार्टमेन्ट) २ करोडको, ललितपुरमा ५ करोडको, काभ्रेमा अपार्टमेन्ट ३ करोड ७५ लाख, तनहुँमा २ करोडको घर रहेको उल्लेख गरेका छन् । उनको बैंक ब्यालेन्स १ करोड ९० लाख रुपैयाँ छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आफूसँग ४५ तोला सुन रहेको खुलाएका छन् ।

आज सार्वजनिक सम्पत्ति विवरणमा अर्थमन्त्री वाग्लेले पारिवारिक र रोजगारीबाट कमाएको रकमबाट जोडेको ४५ तोला सुन रहेको खुलाएका हुन् । त्यस्तै उनले सानिमा मिडल तमोर हाइड्रोमा प्रमोटर सेयर ७१ हजार ९३ कित्ता, सांग्रिला विकास बैंकमा प्रमोटर सेयर २५ हजार ७६२ कित्ता रहेको खुलाएका छन् ।

उनले नेशनल फन्ड म्यानेज्मेन्ट लिमिटेडमा ९० लाख रुपैयाँ, ठूलो लखोलामा ६० लाख, अपर मादी हाइड्रोमा ३ करोड रुपैयाँ रहेको पनि उल्लेख गरेका छन् । उनले आफूसँग ९४ लाख रुपैयाँको गाडी रहेको पनि बताएका छन् । त्यस्तै उनले ऋण पनि छ । ग्लोबल आइएमई बैंकबाट १ करोड ५ लाख, व्यक्तिगत सापटी २ करोड ५० लाख रुपैयाँ ऋण रहेको उल्लेख गरेका छन् । उनले राष्ट्रिय वाणिज्य बैंकबाट ३८ र स्ट्याण्डर्ड चार्टर्ड बैंकबाट ७५ लाख रुपैयाँ ऋण लिएर पनि तिरिसकेको उल्लेख गरेका छन् ।

**परराष्ट्रमन्त्री शिशिर खनाल : बाबुको नाममा घरजग्गा, आफ्नो नाममा शेयर**

परराष्ट्रमन्त्री शिशिर खनालको घरजग्गा बुवा सूर्यभक्त खनालको नाममा रहेको छ । उनको बुवाको नाममा काठमाडौंमा ६ आनाको घर रहेको छ । त्यस्तै बुवाकै नाममा तनहुँ नवलपुर र नेपालगञ्जग गरी २८ रोपनी र २ कठ्ठा जग्गा छ । उनको बैंक ब्यालेन्स- १३ लाख रुपैया छ भने सुन मात्र २२ तोला छ । श्रीमति र आफ्नो नाममा विभिन्न कम्पनीमा शेयर उनको शेयर छ ।

**ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ : सुन १५ तोला ६४ लाख बैंक ब्यालेन्स**

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले आफूसँग १५ तोला सुन र ५० तोला चाँदी रहेको खुलाएका छन् । सार्वजनिक सम्पत्ति विवरणमा उनले सुन र चाँदी पैतृक र विवाहबाट प्राप्त भनेका छन् । उनले विभिन्न बैंकमा ६४ लाख ६३६ रुपैयाँ ब्यालेन्स रहेको उल्लेख गरेका छन् । त्यस्तै सेयरमा १ ४५ लाख ४८ हजार ४२० रुपैयाँ रहेको विवरण छ । उनीसँग गाडी, स्कुटर र इभी गाडी रहेको पनि उल्लेख छ ।

**कानुनमन्त्री सोबिता गौतम : १० लाख बैंक ब्यालेन्स**

कानुनमन्त्री सोविता गौतमले आफ्नो सम्पत्ति विवरणमा काठमाडौं र चितवनमा दुई वटा घर रहेको उल्लेख गरेकी छिन् । श्रीमान गृहेन्द्र घिमिरेको नाममा काठमाडौंमा र सासु आमा कृष्ण देवीको नाममा चितवनमा घर रहेको उनले उल्लेख गरेकी छिन् ।

सार्वजनिक भएको सम्पत्ति विवरण अनुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले बैंक ब्यालेन्स स्वरुप १० लाख ५० हजार ३३५ रुपैयाँ मौज्दात रहेको उल्लेख गरेकी छिन् । त्यस्तै, उनले दुईवटा बैंकबाट ऋण पनि लिएको आफ्नो सम्पत्ति विवरणमा उल्लेख गरेकी छिन् । जस अनुसार, गाडी खरिदका लागि राष्ट्रिय वाणिज्य बैंकबाट २० लाख लिएको र त्यसमा ७ लाख तिरेको उल्लेख गरेकी छिन् ।

एभरेष्ट बैंकबाट गाडी खरिदकै लागि २५ लाख ऋण लिएको उनले आफ्नो सम्पत्ति विवरणमा उल्लेख गरेकी छिन् । उनले १५ तोला सुन, ९ तोला चादी र १ तोला हिरा पनि रहेको सम्पत्ति विवरणमा उल्लेख गरेकी छिन् । उनले आफ्नो सम्पत्ति विवरणमा सवारी साधन खरिद गरेको विषय पनि उल्लेख गरेकी छिन् । राष्ट्रिय वाणिज्य बैंकबाट २६ लाख ऋण लिएर बा ०१-०२९ च ४३३६ नम्बरको गाडी खरिद गरेको उल्लेख गरेकी छिन् । उक्त सम्पत्ति प्राप्तिको स्रोत ऋण र तलब भएको सम्पत्ति विवरणमा उल्लेख छ ।

श्रीमान् गृहेन्द्र घिमिरेले एभरेष्ट बैंकबाट ९५ लाख ऋण लिएर बा ३ च ६७२२ नम्बरको गाडी खरिद गरेको उल्लेख छ । उक्त गाडी ऋण, तलब र पुरानो गाडी एक्सचेन्ज गरेर खरिद गरिएको विवरणमा उल्लेख छ ।

**महिला मन्त्री सीता बादी : १८ तोला सुन, २० कुखुरा**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सीता वादीले घर सुनदेखि पशुधनसम्मको विवरण खुलाएकी छन् । उनका २० वटा कुखुरा र एउटा कुकुर रहेको पाइएको छ । मन्त्री वादीले आफूसँग एउटा स्कुटर, तीन वटा ल्याप्टप र २ वटा मोबाइल पनि रहेको सम्पत्ति विवरणमा उल्लेख गरेकी छन् ।

उनका श्रीमान्सँग पल्सर मोटरसाइकल रहेको छ । नगद ५० हजार रुपैयाँ र बैंकमा उनी र श्रीमान्रुको नाममा १५ लाख रुपैयाँ रहेको उल्लेख छ । मन्त्री वादीसँग सुन १८ तोला र चाँदी १५ तोला रहेको छ । उक्त सुन-चाँदी विवाहमा प्राप्त भएको सम्पत्ति विवरणमा उल्लेख छ । मन्त्री वादीको नाममा सुर्खेतमा ८९.६५ वर्ग मिटर क्षेत्रफलको जग्गा रहेको छ ।

**भौतिकमन्त्री सुनील लम्साल : ९० लाख बैंक ब्यालेन्स**

भौतिक पूर्वाधार तथा यातायात, सहकारी विकास मन्त्री सुनिल लम्सालसँग ९० लाख रुपैयाँ बैंक ब्यालेन्स छ ।सार्वजनिक सम्पत्ति विवरणमा उनीसँग ३० तोला सुन र ५० तोला चाँदी रहेको उल्लेख गरिएको छ । उनले परिवारका सदस्यका नाममा रुपन्देहीमा १ कठ्ठा १० धुर जग्गामा घर, नवलपरासीमा १० कठ्ठा १५ धुर जग्गा, स्याङ्जामा ७ रोपनी खेत, २२ रोपनी बारी रहेको उल्लेख गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'मितज्यू'को टिजरमा दयाहाङ र सौगातको लडाइँ



काठमाडौं/आगामी जेठ ८ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'मितज्यू'को टिजर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच निर्माण पक्षले २ मिनेट लामो टिजर दर्शकमाझ ल्याएको हो । दुई मितबीचको मित्रता र झगडालाई टिजरको केन्द्रमा राखिएको छ । अभिनेता द्वय दयाहाङ राई र सौगात मल्ल मितको भूमिकामा देखिएका छन् ।

टिजरको सुरुवातमा दयाहाङ र सौगातले कहिल्यै झगडा नगर्ने वाचा गर्दै मितेरी साइनो गाँसेको देखाइएको छ । तर, अन्तिम दृश्यमा उनीहरू एकअर्कासँग लडिरहेका देखिन्छन् । एक युवतीका कारण उनीहरूबीच द्वन्द्व सिर्जना भएको संकेत टिजरले दिएको छ । समग्रमा टिजरले मितेरी साइनो, त्रिकोणात्मक प्रेम र विवाहेत्तर सम्बन्धजस्ता विषयलाई प्रस्तुत गर्न खोजेको देखिन्छ ।

अनिल बुढा मगरको निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ र सौगातसहित तेरिया फौजा मगर, खड्गबहादुर पुन (खबपु) पुस्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, उत्तम राज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का, चाहाना राना मगर लगायतको अभिनय रहेको छ । तेरियाको यो डेब्यू फिल्म हो ।

जीएम मुभिज प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता जनक घर्ती मगर हुन् । उनले यसअघि 'घरज्वाइँ' बनाएका थिए । फिल्ममा महेश राईको लेखन, लोकेश बज्राचार्यको सम्पादन, शिशिर बिशंखेको छायांकन, प्रभात विष्टको द्वन्द्व निर्देशन, शैलेश श्रेष्ठको पार्श्व संगीत, कुनाल सुनुवारको रंग संयोजन तथा मुकेश शाहको साउन्ड डिजाइन रहेको छ ।

# 'राम नाम सत्य'को सुखद सुरुवात, सिक्वेल बन्ने !



काठमाडौं/नयाँ वर्षको छेको पारेर गत शुक्रबारबाट प्रदर्शनमा आएको एक्सनप्रधान फिल्म 'राम नाम सत्य'ले घरेलु बक्स अफिसमा सुखद सुरुवात गरेको छ । फिल्मले पहिलो दिन देशव्यापी ३० प्रतिशत हाराहारी अकुपेन्सी हासिल गरेको थियो । फिल्मको चर्चा अनुसार यो अपेक्षित नभए पनि गत माघमा प्रदर्शन भएको 'आ बाट आमा'पछिकै उच्च ओपनिङ अकुपेन्सी हो ।

दोस्रो दिन शनिबार भने फिल्मको अकुपेन्सीमा केही वृद्धि देखियो । काठमाडौंका अष्टनारायण, कीर्तिपुर सिनेप्लेक्स, लबिम मल, बिग मुभिज लगायतका हलमा दर्शकको चाप उल्लेख्य देखिएको थियो । नेपालगञ्ज, धनगढी, विर्तामोड, धरान लगायतका सहरमा पनि फिल्मले सन्तोषजनक व्यापार गर्‍यो । समग्रमा शनिबार फिल्मको देशव्यापी अकुपेन्सी ५० प्रतिशतमाथि थियो ।

फिल्म प्रदर्शनमा आएसँगै कलाकारदेखि निर्देशकसम्म काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकहरूसँग साक्षात्कार गरिरहेका छन् । शनिबार फिल्मका मुख्य अभिनेता विराज भट्ट बालाजुस्थित अष्टनारायण हलमा पुग्दा दर्शकले हुटिङ गर्दै 'विराज भट्ट शान हो, विराज भट्ट बाघ हो' भन्दै नारा लगाएका थिए । त्यहाँ करिब १ हजार दर्शकले फिल्म हेरेका थिए ।

फिल्मको व्यापार र दर्शक प्रतिक्रियाबाट विराज उत्साहित देखिएका छन् । शनिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने, 'शुक्रबार देशभर फिल्म हेर्ने दर्शकको उपस्थिति राम्रो थियो । शनिबार अझ बढ्यो । यो भनेको एकदमै राम्रो चिज हो । ओपनिङ राम्रो लागेर पछि 'ड्रप' हुनुभन्दा विस्तारै बढ्नु नै राम्रो हो । म के कुरामा ढुक्क छु भने फिल्म राम्रो चल्छ र लामो चल्छ ।'

उनले 'राम नाम सत्य'को दोस्रो भाग बन्ने पनि जानकारी दिए । सिक्वेलका लागि केही प्रतिशत छायांकन भइसकेको उनको भनाइ छ । त्यसो त फिल्मको पोस्ट-क्रेडिटमार्फत नै दोस्रो भागको घोषणा गरिएको छ । फिल्मको दोस्रो भाग टिकटक स्टार आयुष सिंह ठकुरीमा केन्द्रित हुने देखिन्छ । किनकि, फिल्मको अन्तिम दृश्यमा उनलाई नै प्रस्तुत गर्दै 'राम नाम सत्य २' घोषणा गरिएको छ ।

माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराजसहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, सुनिल थापा, प्रशान्त ताम्राकार, आयुषसिंह ठकुरी, खुशी कार्की, दिनेश डिसी लगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा उपेन्द्र शाही र स्वेता बिमलीको लगानी छ भने किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार कार्यकारी निर्मातामा रहेका छन् ।

# स्वास्थ्य क्षेत्रको सुधारमा प्रशासन....

बजेटमा स्वास्थ्य क्षेत्रको हिस्सा बढाउने, बिमा कार्यक्रम विस्तार गर्ने र आधारभूत सेवा नि:शुल्क बनाउने नीतिहरू यसका उदाहरण हुन् । तर समस्या नीति निर्माणमा होइन, कार्यान्वयनमा देखिन्छ । योजना कागजमा राम्रो देखिए पनि व्यवहारमा प्रभावकारीरूपमा लागू हुन सकेका छैनन् । अस्पतालहरूमा औषधि अभाव, उपकरण बिग्रिएर थन्किनु र जनशक्ति व्यवस्थापनमा कमजोरी यसका ज्वलन्त उदाहरण हुन् ।

यति मात्र नभई कम पारिश्रमिकमा काम लगाउने प्रवृत्तिले गर्दा योग्य र दक्ष व्यक्ति आफ्नो घर-गृहस्थी चलाउनकै लागि फरक-फरक ठाउँमा काम गरी अर्थोपार्जन गर्न बाध्य छन् । यो स्वास्थ्य क्षेत्रमा मात्र नभई सञ्चारजगतमा पनि देखिएको टड्कारो समस्या हो । एउटा व्यक्तिको जिम्मेवारीमा न्यूनतम आयस्रोत कति हुनुपर्छ र उसले कति समय काम गर्न सक्छ भन्ने विषयमा सरकारले मात्र हैन, देशका उद्योग, कलकारखाना सञ्चालकहरुले पनि ध्यान दिएको पाइन्न । नागरिकको आम्दानी बढेसँगै जिम्मेवारी र सन्तुष्टि पनि बढ्छ र कामको प्रतिफल सन्तोषजनक हुन्छ ।

यो नै राज्यको आर्थिक उपार्जनको प्रमुख माध्यम हो ।यसमा पनि अझ स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा निरन्तरता र स्थायित्व आवश्यक हुन्छ । तर नेपालमा सरकार परिवर्तनसँगै प्राथमिकताहरू पनि बदलिने प्रवृत्ति छ । यसले दीर्घकालीन योजनाहरूलाई असर पुर्‍याउँछ । सरकार परिवर्तन हुनासाथै कर्मचारी, चिकित्सकहरुको सरुवा गर्ने र आतंक फैलाउने काम गर्नुपूर्व सरकारले दरबन्दी सृजना गरी दरबन्दीका आधारमा चिकित्सक, कर्मचारी पूर्ति गरेर नागरिकको जनस्वास्थ्यमा ध्यान दिनुपर्छ ।

नयाँ सरकारले पनि पहिलाका सरकारहरुले गर्नेजस्तै विनासुजबुझ चिकित्सकको दरबन्दी सृजना गरी विषयविज्ञ चिकित्सक आवश्यकताअनुसार अस्पतालहरुमा राख्नुको सट्टा विज्ञ चिकित्सकलाई दुर्गममा दरबन्दी भएकाले उतै जान निर्देशन दिँदा बिरामी र चिकित्सक दुवैलाई मार परेको छ । दुर्गममा त्यो विषयको चिकित्सकले काम गर्ने उपकरण, भौतिक संरचना र बिरामीको उपलब्धता नहुने र सुगममा दरबन्दी नहुने हुँदा विषय विज्ञ चिकित्सकलाई अन्धाधुन्ध लखेट्ने काम हरेक सरकारले गर्दै आएको छ ।

यसरी नै विज्ञ चिकित्सकहरु काजमा बसेर भए पनि केन्द्रीय अस्पतालमा रही दिँदै आएका सेवा धराशायी भएका छन् । हालै ९ औं र १० औं तहका चिकित्सकलाई काज फिर्ता गरिएको छ । काज फिर्ता गरिएका केही चिकित्सकले दरबन्दी भएको ठाउँमा गएर आफूले गर्ने काम नै नभएको र सरकारले दरबन्दी सृजना गर्नुको सट्टा लखेट्ने नीति लिएको भन्दै विभागीय प्रमुख र स्वास्थ्य सचिवसमक्ष राजीनामा थमाएका पनि छन् ।

यस्ता केही विषयमा विरलै विज्ञ चिकित्सकहरु सरकारी अस्पतालमा रहेका छन् । ती पनि दरबन्दी भएका ठाउँमा स्रोत-साधन नभएका कारण स्रोत-साधन भएका क्षेत्रमा कार्यरत हुँदा सरकारले आवश्यक व्यवस्थापन नै नगरी लखेट्ने काम गरेको भन्दै दु:ख व्यक्त गरिरहेका छन् । देशमै सेवा गर्ने भावनाले काम गरिरहेका यस्ता दक्ष जनशक्तिको आत्मबल बलियो बनाएर आवश्यक दरबन्दी सृजना गर्नुका साथै स्रोत-साधन, उपकरणको व्यवस्थापन गरेर मात्र चिकित्सकहरुलाई खटाउने गरे यो सरकारप्रतिको नागरिकको भरोसाले सार्थकता पाउनेछ ।

यता नेपालको प्रशासनिक संरचनामा एउटा विशेषता के छ भने, मन्त्रीहरू बदलिन्छन् तर सचिव र कर्मचारी संयन्त्र प्राय: स्थिर रहन्छ । यसले नीतिमा निरन्तरता दिन सक्ने सम्भावना भए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । प्रशासनिक कार्यशैलीमा नवप्रवर्तनको अभाव, जोखिम लिन नचाहने प्रवृत्ति र 'जसरी चलिरहेको छ, त्यसरी नै चलोस्' भन्ने सोच हाबी देखिन्छ । यसले सुधारका प्रयासहरूलाई सुस्त बनाउँछ । धेरैजसो अवस्थामा नीति निर्माण र कार्यान्वयनबीच दूरी देखिन्छ । निर्णयहरू केन्द्रमा हुन्छन्, तर कार्यान्वयन स्थानीय तहमा कमजोर हुन्छ । समन्वयको अभावले समस्या झन् जटिल बनाउँछ ।

हुन त संघीय संरचनाले स्वास्थ्य सेवामा नयाँ सम्भावना खोलिदिएको छ । स्थानीय तहलाई स्वास्थ्य सेवा व्यवस्थापनको जिम्मेवारी दिइएको छ, जसले सेवा पहुँच बढाउने अपेक्षा गरिएको थियो । तर व्यवहारमा स्थानीय तहमा क्षमता अभाव, स्रोत व्यवस्थापनमा कमजोरी र प्राविधिक जनशक्ति अभावका कारण अपेक्षित परिणाम आउन सकेको छैन । प्रदेश र केन्द्रबीचको समन्वय पनि सधैं प्रभावकारी देखिँदैन । यसैले बनेका संरचना सञ्चालनमा ल्याउनै प्राय: मुस्किलको अवस्था छ । स्वास्थ्य सेवा प्रत्यक्षरूपमा नागरिकको जीवनसँग जोडिएको क्षेत्र हो । तर पछिल्लो समय स्वास्थ्य सेवाप्रति नागरिकको विश्वास घट्दै गएको देखिन्छ । सरकारी अस्पतालप्रति अविश्वास र निजी अस्पतालको महँगो सेवाले सर्वसाधारणलाई दोहोरो दबाबमा पारेको छ । स्वास्थ्य बिमा कार्यक्रमप्रतिको असन्तुष्टि, अस्पतालमा हुने बेवास्ताका घटनाहरू र उपचारको पहुँचमा असमानताले विश्वासको संकटलाई झनै गहिरो बनाएको छ ।

समाधानको बाटो समन्वय, सुधार र उत्तरदायित्व नै हो । नेपालको स्वास्थ्य क्षेत्र सुधार का लागि बहुआयामिक दृष्टिकोण आवश्यक छ । पहिलो, नीति र कार्यान्वयनबीचको दूरी घटाउनुपर्छ । योजना बनाउने र कार्यान्वयन गर्ने निकायबीच प्रभावकारी समन्वय आवश्यक छ । दोस्रो, प्रशासनिक सुधार आवश्यक छ । नवप्रवर्तनलाई प्रोत्साहन गर्ने, जवाफदेहिता सुनिश्चित गर्ने र कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणाली लागू गर्नुपर्छ ।

तेस्रो, मिडियाले आफ्नो भूमिका पुन: परिभाषित गर्नुपर्छ । केवल समस्या देखाउने होइन, समाधान खोज्ने र सकारात्मक अभ्यासहरूलाई प्रवर्द्धन गर्ने जिम्मेवारी पनि लिनुपर्छ । चौथो, नागरिक सहभागिता बढाउनुपर्छ । स्वास्थ्य सेवामा पारदर्शिता र उत्तर दायित्व सुनिश्चित गर्न नागरिकको सक्रिय भूमिका आवश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# ६ वर्षअघि काठमाडौं आउँदा आशाले भनेकी थिइन्, 'नेपाललाई धेरै प्रेम गर्छु'

काठमाडौं/भारतकी प्रसिद्ध पार्श्व गायिका आशा भोसलेको आइतबार ९२ वर्षको उमेरमा निधन भएको छ । उनको निधनले विश्व सांगीतिक जगत् नै स्तब्ध बनेको छ । आफ्नो गायन करिअरमा १२ हजारभन्दा बढी गीत गाएकी उनले भारतीयसँगै नेपाली संगीत क्षेत्रमा पनि ठूलो योगदान पुर्‍याएकी छन् । उनले गाएका थुप्रै नेपाली गीतहरू कालजयी बनेर गुञ्जिइरहेका छन् ।

उनले 'गैरी खेतको शिरै हान्यो', 'म प्यार बेचिदिन्छु', 'यो हो मेरो प्राणभन्दा प्यारो माइतीघर', 'मोहनी लाग्ला है', 'बतासले उडाइ ल्यायो माया मेरो', 'किन बढ्दैछ ढुकढुकी मुटुको', 'पहाडको माथि माथि', 'आज हाम्रो भेट भाको दिन' जस्ता नेपाली गीतहरूमा आवाज दिएकी छन् । उनले गाएको फिल्म 'चिनो'मा समावेश 'दियो बाली साँझको' गीत त तिहारको पर्याय नै बनेको छ ।

५० हाराहारी नेपाली गीतमा आफ्नो जादुयी स्वर दिएकी आशा नेपाल भने एकपटक मात्र आएकी थिइन् । साधना कला केन्द्रले आयोजना गरेको 'रञ्जित गजमेर र आशा भोसले सांगीतिक यात्रा' नामक कार्यक्रममा सहभागी हुन उनी २०७६ सालमा नेपाल आएकी थिइन् । त्यसबेला उनले आफूलाई नेपाल ढिला बोलाएको भन्दै गुनासो गरेकी थिइन् । कार्यक्रममा गीत गाउने क्रममा आशाले भनेकी थिइन्, 'नेपाल आउँदै गर्दा म यो सोचिरहेको थिएँ कि नेपालीहरूले मलाई किन यति चाँडो बोलाए ?

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### गृहमन्त्री गुरुङसँग व्यवसायीले मागे निर्माण आयोजनाको सुरक्षा

# अस्वभाविक धम्कीले आयोजना प्रभावित हुने गरेको गुनासो

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ निर्माणाधीन नागढुंगा-मुग्लिन सडकको अनुगमनमा निस्केका गृहमन्त्री सुधन गुरुङसँग निर्माण व्यवसायीले सुरक्षा माग गरेका छन् ।

ठेक्का लिएर साइटमा काम गर्न जाँदा अनेक बहानामा स्थानीयस्तरमा अवरोध आउने गरेको भन्दै नेपाल निर्माण व्यवसायी महासंघका उपाध्यक्ष शहदेव खड्काले मन्त्रीसँग देशैभरका आयोजनामा सुरक्षा माग गरेका हुन् । उपाध्यक्ष खड्काले निर्माणाधीन नागढुंगा-नौबिसे सडकखण्डमा ठेक्का लिएर काम गर्दै आइरहेका छन् । आयोजनामा अनधिकृत व्यक्तिले काम रोक्न आएको अवस्थामा सार्वजनिक मुद्दा लगाएर कारवाही गर्न माग गरे । निर्माणाधीन नागढुंगा-मुग्लिन सडकमा काम गरिरहेका खड्काले निर्माण सम्पन्न भएर हस्तान्तरण भएको ५ वर्षसम्म मर्मतको जिम्मेवारी निर्माण कम्पनीको रहने जानकारी गराए ।



सडक निर्माणमा गुणस्तरीयता कायम गर्न फास्टट्रयाकबाट निर्माण सामग्री ल्याएर काम गर्नुपरेको उनको भनाई छ । सरकारले छुट्याएको क्षेत्रबाट पर्याप्त निर्माण सामग्री उत्खनन् गर्न नपाउँदा आयोजनाले लक्ष्यअनुसारको काम गर्न नसकेको उनले बताए । आयोजनालाई आवश्यक निर्माण सामग्री उत्खनन् गर्न आफैंले किनेको जग्गामा समेत मुद्दा लड्नु परेको उपाध्यक्ष खड्काले गृहमन्त्री गुरुङ सहितको टोलीलाई जानकारी गराए । निर्माण आयोजनालाई आवश्यक नदीजन्य निर्माण सामग्री सरकारले अनुमति दिएको स्थानबाट उपलब्ध गराउन उनले माग गरे ।


आयोजनाक्षेत्रमा रहेका नदीजन्य निर्माण सामग्रीको प्रशोधन केन्द्र क्रसरहरु चल्ने वातावरण बनाउनुपर्नेमा उनको जोड थियो । सडक निर्माणको सिजन २ महिना बाँकी रहेकाले सरकारले बिटुमिन र पेट्रोलियपदार्थको सहज उपलब्धता गराए कामले गतिलिने जानकारी उनले गराए । उपाध्यक्ष खड्काले भने, 'गृहमन्त्रीज्यू नेपालका कुनैपनि हाइवे बन्दा कसैले डिस्टव गर्छ भने त्यसलाई सार्वजनिक मुद्दा लगाउनुपर्छ, तुरुत २४ घण्टाभित्र कारबाही हुनुपर्छ । त्यस्ताखाले कानून बनाउनुपर्छ । सडक निर्माणको गुणस्तरको हामी ग्यारेन्टी लिन्छौं । सडक बनाएर हस्तान्तरण गरेको ५ वर्षसम्म पनि हामीले यो सडकको जिम्मा लिने गरेका छौं । अहिले गुणस्तरीय निर्माण सामग्री नभएर हामीले समन्वय गरिरहेका छौं ।'

मन्त्री गुरुङले निर्माण आयोजनामा अनावश्यक पैसा उठाउने गरेको गुनासो आफूले विगतदेखि नै सुन्दै आएको बताए । पूर्वाधार क्षेत्रमा काम गर्ने व्यवसायीमाथीको धरपकड सह्य नहुने भन्दै मन्त्री गुरुङले त्यस्ता कार्य तत्काल रोक्न प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरीप्रमुखलाई निर्देशन दिए । गृहमन्त्री गुरुङले भने, 'विशेष गरी म अनुगमनमा आएको कारण ठेकेदारसँग पैसा उठाउने, दु:खदिने, घरपकड गरेको भन्ने सुनिन्छ । हाम्रो निर्माणक्षेत्रमा ढिलासुस्ती हुनेगर्छ । निर्माण व्यवसायीले भनेजस्तै थर्काउने, धम्काउने काम हुने गरेको छ ।'

मन्त्री गुरुङले भने- 'प्राविधिक कुरा सडक कार्यालयदेखि भौतिक मन्त्रीसँग सम्वन्य ठेकेदारले गर्नुपर्छ । खासगरी यो सडक नबन्नुको कारण कसले ठेकेदारलाई दुख दिएर हो त्यो बुझ्न आएको हो । प्रमुख जिल्ला अधिकारीले जोजसले पैसा असुली गर्छ, प्रशासनले गर्नुपर्‍यो । यदी त्यस्तो खाले उजुरी मन्त्रालय समक्ष आयो भने सीडीओलाई कारबाही हुन्छ ।'

एक जनाले निर्माण आयोजनामा आएर धम्काएको भरमा कामरोक्ने अवस्थाको अन्त्य गर्ने आश्वासन गृहमन्त्री गुरुङले दिए । अन्तरमन्त्रालय समन्वयले रोकिएका ठाउँमा समन्वय गरेर काम अघि बढाउने उनले बताए । शान्तिसुरक्षा बिना विकासले गतिलिन नसक्ने भन्दै त्यस्ता कार्य दोहोरिए सिडियो र एसपीलाई कारवाही गर्ने चेतावनी दिए ।

# हास्यव्यंग्य प्रतियोगितात्मक प्रहसन आयोजना हुने




साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ सिस्नुपानी नेपाल मकवानपुरले स्रष्टा सम्मान तथा हास्यव्यंग्य प्रतियोगितात्मक प्रहसन कार्यक्रम आयोजना गर्ने भएको छ ।

नेपाली हास्यव्यंग्य क्षेत्रमा योगदान पुर्‍याएका सर्जकलाई सम्मान गर्ने तथा विद्यार्थीमा सिर्जनशीलता र अभिव्यक्ति क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो ।

कार्यक्रमअन्तर्गत यसवर्ष 'गणेशकुमार पौडेल हास्यव्यंग्य सम्मान २०८२' बाट सर्जक नरनाथ लुइँटेललाई सम्मान गरिने भएको छ । सिस्नुपानी नेपाल तथा हास्यव्यंग्य अनलाइन 'फिटकौली डटकम'मा आबद्ध लुइँटेललाई नगद २५ हजार रुपैयाँसहित सम्मान गरिने सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष सम्प्रस पौडेलले जानकारी दिए ।

'आरसी रिजाल हास्यव्यंग्य सम्मान'बाट हास्यव्यंग्य कलाकार तथा स्ट्यान्डअप कमेडियन सीता न्यौपानेलाई नगद २० हजार रुपैयाँसहित सम्मान गरिनेछ । आगामी वैशाख १९ गते हेटौंडामा आयोजना हुने कार्यक्रममा दुवै स्रष्टालाई सम्मान गरिनुकासाथै हास्यव्यंग्य विशेष प्रतियोगितात्मक प्रहसन पनि सञ्चालन गरिनेछ । प्रतियोगितामा मकवानपुर जिल्लाभित्र अध्ययनरत कक्षा १२ सम्मका विद्यार्थी सहभागी हुन सक्नेछन् । प्रत्येक समूहमा विद्यालयको सिफारिस पत्रसहित न्यूनतम २ जना र अधिकतम ५ जनासम्म सहभागी हुन पाउने व्यवस्था गरिएको छ ।

प्रहसन प्रतियोगितामा प्रथम हुने समूहलाई नगद १५ हजार रुपैयाँ, द्वितीय हुनेलाई १० हजार रुपैयाँ, तृतीय हुनेलाई ७ हजार रुपैयाँ तथा प्रोत्साहन पुरस्कारस्वरुप ४ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

# 'काठमाडौंको पत्रकारिता' विषयमा अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ नववर्ष २०८३ को अवसरमा स्वतन्त्र पत्रकार संघ मकवानपुरले 'काठमाडौंको पत्रकारिता' विषयमा अन्तरक्रिया गरेको छ ।

शुभकामना आदानप्रदान सँगै संघका संस्थापक अध्यक्ष तथा नवनिर्वाचित केन्द्रीय महासचिव सुरेन्द्र श्रेष्ठलाई बधाई व्यक्त गरिएको छ । कार्यक्रममा हेटौंडाबाटै पत्रकारिता सुरु गरी लामो समयदेखि कान्तिपुर दैनिकमा कार्यरत होम कार्कीले मकवानपुरबाट काठमाडौं हुँदै विभिन्न देशसम्म गरेको रिपोर्टिङ अनुभव र समाचार लेखनबारे आफ्नो अनुभव साझा गरेका थिए । उनले डिजिटल माध्यम र प्रविधिको प्रभावकारी प्रयोगमार्फत् पत्रकारिता अझ सहज र प्रभावकारी बन्न सक्ने बताए । पुराना पाठक र नयाँ डिजिटल पाठक दुवैलाई समेट्ने गरी सन्तुलित सामग्री उत्पादन आवश्यक रहेको उनको भनाइ थियो ।

उनले जिल्लाबाट उठेका विषयलाई राष्ट्रिय सञ्चारमाध्यमले प्रभावकारीरुपमा 'डिप्थ' गर्न सक्ने भएपनि जिल्लास्तरमा त्यस किसिमको अभ्यासको कमी रहेको बताए । उनले डेप्थ रिपोर्टिङ र बिट रिपोर्टिङको अभ्यास विस्तार गर्नुपर्नेमा जोड दिँदै स्थानीय पत्रकारले आफ्नै एजेन्डा निर्माणमा ध्यान दिनुपर्ने धारणा राखे ।

हेटौंडामा क्रियाशील, कुनै दलमा आबद्ध नभएका स्वतन्त्र पत्रकारको सहभागितामा आयोजित कार्यक्रमको अध्यक्षता संघ मकवानपुर शाखाका अध्यक्ष राजन घिमिरे अनुरागले गरेका थिए । प्रमुख अतिथिका रुपमा सुरेश श्रेष्ठ सहभागी थिए भने निवर्तमान अध्यक्ष गोकुल अधिकारीलगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# नक्षेत्र बाटिका स्थापना



साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर अन्तर्गत वृन्दावन वनस्पति उद्यान परिसरमा नक्षेत्र बाटिका स्थापना गरिएको छ । वनस्पति विभागको ६६ औ वार्षिकउत्सव तथा २७ औ वनस्पति दिवसको अवसरमा बाटिका स्थापना गरिएको हो ।

धार्मिक वाटिकाको रुपमा स्थापना गरिएको नक्षेत्र बाटिकामा २७ नक्षेत्रका नमूना वनस्पति प्रजाति बृताकार नक्सांकन गरी रोपण गरिएको छ । प्रचलित धार्मिक मान्यताअनुसार २७ नक्षेत्रका वनस्पति प्रजातिमा उत्तराषाढा-कटहर, श्रवणा-आँक, धनिष्ठा-शमी, शतभिषा-कदम, पूर्वभाद्रपद-आँप, उत्तरभाद्रपद-नीम, रेवती-महुवा, अश्विनी-कुचिला, भरणी -अमला, कृतिका-डूम्री, रोहिणी-जामुन, मृगशिरा-खयर, आद्रा-सिसौ र पुनर्वसु-बाँस रहेका छन् ।

पिपल-पुष्य, नागेश्वर-अश्लेषा, बर-मघा, पलाश-पूर्वफाल्गुणी, काभ्रो-उत्तरफाल्गुणी, रिठा-हस्ता, बेल-चित्रा, अर्जुन-स्वाती, कंकेरो-विशाखा, बकुलपुश्प-अनुराधा, सिमल-जेष्ठा, राजवृक्ष-मूल र वेत-पूर्वशाढा वनस्पतिहरु पर्दछन् । विशाखा नक्षेत्रको कंकेरो वनस्पति प्रजाति बाहेक अरु सबै प्रजाति नेपालमै उपलब्ध हुनसक्ने भएकोले यस बाटिकामा सबै प्रजाति संकलन गरी रोप्दै जाने र व्यवस्थित गरिने कुरा वनस्पति अनुसन्धान केन्द्रप्रमुख हेमराज पौडेलले जानकारी गराएका छन् । केन्द्रप्रमुख पौडेलले वैदिक सनातन संस्कृति र मानवसभ्यता एकअर्काका परिपुरक भएकोले प्रकृतिलाई सस्कृतिसँग जोड्दा वातावरण सन्तुलनमा सहयोग पुग्ने कुरामा जोड दिए ।

कार्यक्रममा प्रमुखअतिथि कृषि तथा वन विश्वविद्यालयका प्राध्यापक डा. बलराम भट्टले जन सहभागितासहित गरिएका यस्ता कार्यक्रमले वन, वनस्पति र वातावरणको महत्व जनस्तरमा बुझाउन सजिलो हुने भएकोले यी कार्यक्रमको निरन्तरता हुनुपर्ने बताए ।

# निर्मल माविको अभिभावकसँग प्रत्यक्ष संवाद

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ हेटौंडा-१९ बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयले अभिभावकसँग प्रत्यक्ष संवाद गर्दै पारदर्शिता र सहभागितालाई प्राथमिकता दिएको छ ।

विद्यालयमा आयोजित ५० औं वार्षिक अभिभावकभेलामा शैक्षिक नीति, कार्यक्रम तथा आय-व्यय सार्वजनिक गर्दै अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओलीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा-१९ का वडाअध्यक्ष नरनाथ सुवेदी प्रमुखअतिथिकारुपमा सहभागी थिए । कार्यक्रममा पूर्वअध्यक्ष इन्दिरा तामाङसहित विभिन्न व्यवस्थापन समिति सदस्यको उपस्थिति रहेको थियो । भेलामा प्रधानाध्यापक प्रबोध बिडारीले चालु शैक्षिक वर्षको नीति तथा कार्यक्रम र आय-व्यय विवरण प्रस्तुत गर्दै पारदर्शितालाई संस्थागत बनाउने प्रयास गरिएको बताए । आगामी शैक्षिक वर्षका योजना प्रस्तुत गर्दै विद्यालयको गुणस्तर अभिवृद्धिमा अभिभावकको सहकार्य आवश्यक रहेको उल्लेख गरे ।





कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओलीले स्वर्णमहोत्सवको आय-व्यय प्रतिवेदन सार्वजनिक गरेका थिए, जसले विद्यालयका गतिविधिमा आर्थिक पार दर्शिताको अभ्यासलाई थप बलियो बनाएको छ । कक्षा १ देखि ९ सम्मका विद्यार्थीको नतिजा प्रकाशन गर्नुकासाथै उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो । अन्जना बस्नेतको अध्यक्षतामा ११ सदस्यीय शिक्षक अभिभावक संघ गठन गर्दै विद्यालय अभिभावक सहकार्यलाई अझ सुदृढ बनाउने प्रयास गरिएको छ । स्वागत मन्तव्य सहायक प्रधानाध्यापक सुनिल लामाले व्यक्त गरेका थिए भने कार्यक्रमको समापन पूर्वअध्यक्ष इन्दिरा लामाले गरेका थिए ।





# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्कः
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना